मिति २०७७/०४/०४ गतेको बैठकको निरन्तरताको क्रममा पुनः मिति २०७७/०४/१० गते तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

प्रस्तावहरु :-

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको वडागत १/१ वटा योजना छनौट सम्बन्धमा ।
२. कोरोना (Covid-19) अवस्थामा खटिई काम गर्ने गा.पा. अन्तर्गतका कर्मचारीहरुलाई सहुलियत सम्बन्धमा ।
३. कोरोना भाइरस (Covid-19) सँग सम्बन्धित PTT गठन सम्बन्धमा
४. कोरोना भाइरस (Covid-19) व्यवस्थापन तथा नियन्त्रण कोषको खाद्य व्यवस्थापन सम्बन्धमा .

नि.नं. २ माथि छलफल गर्दा यस बैठकको अघिल्लो दिन गा.पा.ले निर्धारण गरेको क्वारेन्टाइनमा बस्ने हालसम्मका व्यक्तिलाई दिनको २००।- (दुई सय) तीन सय पाँच दिने निर्णय गरेकोमा कार्यान्वयनको क्रममा अपुग र असमान भएकोले प्रति व्यक्ति दिनको नभई कुल जम्मा ५०००।- (अक्षरेपी पाँच हजार मात्र) एकमुष्ठ रुपमा यस विपत्तिको घडीमा खटिने स्वास्थ्य व्यवस्थापन समूह प्रति व्यक्ति प्रदान गर्ने निर्णय गरियो ।-

निर्णयहरु :-

नि.नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा वडागत १/१ वटा मात्र योजना यो वर्ष कार्यान्वयन गर्ने निर्णय गरीयो, जो तपशिल अनुसार छन् ।

| वडा नं. | टोल वस्ती | आयोजनाको नाम |
|---|---|---|
| १ | घुम्ती, चिसापानी, ठोक्के, सालडाँडा, कैरेकोट | घुम्ती, चिसापानी, ठोक्के, सालडाँडा, कैरेकोट मो.बा. नाला निर्माण |
| २. | पुर्चौंदी | - पुर्चौंदी टाटा गुञ्जी देउराली नाला मर्मत सुधार |
| ३. | चुपडाँडा | - धार्मिक तथा पर्यटकीय स्थल विकास आयोजना |
| ४. | रोदीखोला | - रोदीखोला देखी स्वा.चौ. केन्द्र सम्म पैदल मार्ग निर्माण |
| ५ | देउराली | - ग्रा.ख.को स्तरउन्नती तथा तार जाली निर्माण |
| ६. | सेराखोला, ब्याम्की खानी खोला | - सेरा खोला, ब्याम्की खानी खोला, मो.बा.को नाला नि |
| ७. | बगैंचा देवीखोला | - बगैंचा देवीखोला सम्म पैदल मार्ग निर्माण |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको अन्य प्रस्ताव तथा निर्णयहरु तपशिल बमोजिम रहेका छन् ।

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रे भंज्यांग, स्याङ्गजा
स्थापित २०७३
www.harinasmun.gov.np
mai-harinasruralmunicipaliy@gmail.com
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः-२०७६/७७

चलानी न. ८४५

मितिः-२०७७/२/०६

बिषयः- योजना माग सम्बन्धमा ।

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय
गण्डकी प्रदेश,पोखरा नेपाल ।

प्रस्तुत बिषयमा गण्डकी प्रदेश सरकारबाट आगामी आव २०७७/७८ मा समपुरक अनुदान ,बिशेष अनुदान अन्तर्गत संचालन हुने गरि हरिनास गाउँपालिका मा निम्न योजना तथा कार्यक्रम छनौट को लागि माग गर्ने कार्यपालिकाको मिति २०७७/२/४ गतेको बैठकबाट निर्णय भएको हुदा नियामानुसार योजना समाबेश गरि दिनुहुन अनुरोध छ ।

तपशिल

| क स | योजना/कार्यक्रमको नाम | ठेगाना | रकम | क्षेत्र | कै |
|---|---|---|---|---|---|
| १ | कुलिंखोला,सेरा क्याक्मी मोटरबाटो | हरिनास ६ र ७ | ३ करोड | बिशेष अनुदान तर्फ | |
| २ | हरिनास आग्रीडाँडा काभ्रेघाट मो. बा. | हरिनास ४ र ५ | ३ करोड | बिशेष अनुदान तर्फ | |
| ३ | गाउँपालिका केन्द्र खानेपानी योजना | हरिनास ४ | ६ करोड | बिशेष अनुदान तर्फ | |
| ४ | सालडाँडाचिसापानी ढुंगेठाटि | हरिनास १,२,३,४ | ३करोड | समपुरक अनुदानतर्फ | |
| ५ | क्याक्मी खेल मैदान पालिका (स्तरीय खेल मैदान) | हरिनास ६ | २ करोड | समपुरक अनुदानतर्फ | |
| ६ | दोभान खोला पक्कि पुल | हरिनास ७र भिमाद १ | ३ करोड | समपुरक अनुदानतर्फ | |

.............................................

खिम नारायण मानन्धर
अध्यक्ष
(खिम नारायण मानन्धर)
अध्यक्ष

**प्रस्तावहरु**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सम्बन्धमा

२. बेरोजगार व्यक्तिको आवेदनको उपर वास्तविक बेरोजगार पहिचानका सम्बन्धमा

३. श्रमिकको पारीश्रामिक सम्बन्धमा

४. रोजगार उपभोक्ता समिति तथा श्रमिक नेता चयन सम्बन्धमा

**स्थानीय निर्देशक समिति, हरिनास गाउँपालीका, स्याङ्गजा**

| | |
|---|---|
| क. अध्यक्ष | : खिम नारायण मानन्धर |
| ख. सदस्य | : झन माया पराजुली |
| ग. सदस्य | : डण्ड व. राना |
| घ. सदस्य | : पर्शुराम सिग्देल |
| ङ सदस्य-सचिव | : विदुर सिग्देल |

**निर्णयहरु**

**निर्णय नं १:** का सम्बन्धमा, पारिश्रामिकमा आधारीत सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधी, २०७६ को प्रभावकारी कार्यान्वयन सम्बन्धमा सबै वडा कार्यालयहरुलाइ वेरोजगार व्यक्तिको आवेदनको संख्याका अधारमा तथा प्रधानमन्त्री रोजगार कार्यकम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको प्राथमिकताको आधारमा छनोट गरी कुल रकम विनीयोजन गरीयो

| वडा नं | विनीयोजीत रकम | कामदारको कुल संख्या | कामदारको प्रतीसत (%) | कुल रोजगारी पाउने दिन | १ ज्याला कर कट्टा |
|---|---|---|---|---|---|
| १ | ४९,७००/- | १२ | ५ | ७१ | ४९७ |
| २ | १,५८,२००/- | ३६ | १६ | २२६ | १५८२ |
| ३ | १,५८,२००/- | ३५ | १६ | २२६ | १५८२ |
| ४ | २,३७,३००/- | ५३ | २४ | ३३९ | २३७३ |
| ५ | १,१९,०००/- | २८ | १२ | १७० | ११९० |
| ६ | ४९,७००/- | १२ | ५ | ७१ | ४९७ |
| ७ | २,१७,७००/- | ५० | २२ | ३११ | २१७७ |
| **जम्मा** | **९,८९,८००/-** | **२२६** | **100%** | **१४१४** | **९८९८** |

**निर्णय नं २:** उपर छलफल गर्दा रोजगार सेवा केन्द्रमा प्राप्त बेरोजगार व्यक्तिको आवेदनको उपर कुल २२५ वास्तविक बेरोजगार पहिचान गरी रोजगार व्यवस्थापन सुचना प्रणाली EMIS मा प्रविष्ट गरीयो

**निर्णय नं ३:** कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा संलग्न हुने वेरोजगार व्यक्तीहरुलाई यस भेगको चलन चल्ति अनुसार दिनको रु ७००/- दिने निर्णय गरीयो ।

**निर्णय नं ४:** निर्देशिकाको दफा २५ को उपदफा १ बमोजिम श्रमिक समुह गठन गरी निर्देशिकाको दफा २५ को उपदफा २ बमोजिम श्रमिक समुहका सदस्यहरु मध्ये बाट एकजना व्यक्ति समुह नेता र आवश्यक अवस्थामा रोजगार उपभोक्ता समितिको चयन वडालेनै गर्ने निर्णय गरियो

नि.नं.७. प्रस्ताव नं. ७माथी छलफल गर्दा यस हरिनास गा.पा.मा करोना (covid-19) बिरुद्ध व्यवस्थापन तथा नियन्त्रणको क्रममा असामयीक घटना हुन गई श्री स्यानको क्षती (मृत्यु) भएमा गा.पा. अन्तर्गतका जनप्रतिनिधि, कर्मचारी, पुरस्कारी लाई बिमा स्वरुप निजको सबैभन्दा नजिकको हकवालालाई गाउँपालिकाको तर्फ बाट रु ५,००,०००/- (अक्षरेपी पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।

नि.नं.८. प्रस्ताव नं.८माथी छलफल गर्दा यस हरिनास गाउँपालिकामा कोरोना भाइरस (covid-19) व्यवस्थापन तथा नियन्त्रणको लागी एक PTT (प्यासेन्ट टेस्टीङ एन्ड ट्रेसीङ टिम) समिति तपसिल बमोजीम गठन गर्ने निर्णय गरियो।-

PTT समिति तपसिल बमोजीम रहेका छन्।

संयोजक:- धन बहादुर मानन्धर सि. अ.हे.व. चिसापानी स्वा.चौ.
सदस्य:- लाल बहादुर थापा - अ.हे.व. वराह स्वा.चौ. हाकिमकुर्त
सदस्य:- मनिषा राना - अनमी - क्याकरी स्वास्थ्य चौकी
आमन्त्रीत सदस्य:-
चन्द्रा कुमारी खाम - ल्याब असिस्टेन्ट, चिसापानी स्वा.चौकी

नि.नं.९. प्रस्ताव नं.९माथी छलफल गर्दा भारत लगायत अन्य देशबाट हरिनास भित्रने हामिस बासीहरुलाई सम्बन्धीत वडीको क्वारेन्टाइन सम्म निर्धारीत स्थानबाट ल्याउन सवारी साधनको व्यवस्था गाउँपालीका बाट गर्ने निर्णय गरियो।

माथीको निर्णय गरि मिति २०७७।०२।०८ गतेको बैठक दोस्रो दिन मिति २०७७।०२।१० गते बैठकका अध्यक्ष टिकनारायण मानन्धर बाट समापन भएको घोषणा गरियो।